# जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं

## श्री सूर्य कन्ट्रक्सन प्रा.लि.सूर्खेतलाई अन्यन्त जरुरी सूचना

**(प्रकाशित मिति : २०७४/०३/२१)**

यस कार्यालय (साविक जिल्ला विकास समिति) र तपाई विच ठे.नं. 2/KTM/W/Bridge 070/71 मा तिनथाना विष्णुदेवी पुल निर्माणको लागि मिति २०७०।१०।२४ मा भएको संझौता अनुसार उक्त पुल पटक पटकको म्याद थप समेत गरी मिति २०७३।१०।१० भित्रमा सम्पन्न गरी सक्नु पर्ने थियो । हालको अवस्था अनुसार केही दिन काम गर्ने र महिनौ दिन सम्म बारम्बार विना कारण, विना सूचना काम वन्द गर्ने गरेको पाईएकोले समय व्यतित १०० प्रतिशत भईसक्दा पनि भौतिक प्रगति ८४ प्रतिशत मात्र भएको देखिन्छ । मिति २०७४।१०।०७ पछि नगन्य मात्रामा महिनामा केही दिन मात्र काम गर्ने गरेको, सम्पर्कमा नरहेको र वारम्वार विना कारण, विना सूचना काम वन्द गर्ने गरेको पाइएको छ । यस सम्वन्धमा मिति २०७४।०२।१० गते संयुक्त रुपमा बैंठक बसी तयार गरिएको कार्यतालिका अनुसार मिति २०७४।०२।३० सम्ममा काम सम्पन्न गर्ने प्रतिवद्धता तपाईले जनाउनु भएको थियो । त्यति हुँदा हुँदै पनि काममा सुधार आउन नसकेको, विनाकारण पुन: निर्माण कार्य वन्द गरेको स्थलगत अनुगमनबाट देखिएको छ । मिति २०७४।२।१० च.नं. ३४८० को पत्रवाट तपाईलाई सोधिएको स्पष्टिकरणको जवाफ समेत पेश नगरेकोले दायित्व प्रति जिम्मेवार नभएको स्पष्ट देखिन आएको छ । यस अवस्थामा तपाईवाट सम्झौताको वुदा ५८.२ (१), ५८.२(२) अनुसार वारम्वार Contract Fundamental Breach भए गरेको हुनाले संझौताको वुदा ५८.१ अनुसार तपाईसंग भएको संझौता भंग गरी तपाइलाई कालो सूचिमा किन नराख्ने राख्न नपर्ने कारण भएमा प्रमाण सहित २०७४।०३।२६ गते भित्रमा स्पष्टीकरण पेश गर्न अन्तिम अवसर दिइएको छ ।

*(गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित)*